# सहिदभूमि गाउँपालिकाको पुरस्कार तथा सम्मान वितरण सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:-** पुरस्कार सिफारिस तथा सम्मान सम्बन्धी कार्यलाई निष्पक्ष, पारदर्शी तथा व्यवस्थित बनाई सहिदभूमि गाउँपालिकाद्वारा प्रदान गरिने पुरस्कार तथा सम्मानलाई ओजपूर्ण बनाउँदै स्थानीय स्तरको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, अन्वेषणात्मक लगायत अन्य क्षेत्र वा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विशिष्ट योजदान पुर्याई सहिदभूमिको गरिमा, प्रतिष्ठा र पहिचानको अभिवृद्धिमा उल्लेख्य भूमिका निर्वाह गर्ने सार्वजानिक व्यक्ति, पदाधिकारी, राष्ट्रसेवक, शिक्षक तथा विद्यार्थीहरुलाई सहिदभूमि गाउँपालिकाको तर्फबाट प्रदान गरिने पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड र प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सहिदभूमि गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम " सहिदभूमि गाउँपालिकाको पुरस्कार तथा सम्मान वितरण सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "ऐन" भन्नाले सहिदभूमि गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले सहिदभूमि गाउँपालिकाको पुरस्कार तथा सम्मान वितरण सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ

(ग) "गाउँपालिका" भन्नाले सहिदभूमि गाउँपालिका सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले कार्यविधिको दफा ११ बमोजिमको पुरस्कार सिफारिस समिति सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले सहिदभूमि गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(च) "शिक्षक" भन्नाले सहिदभूमि गाउँपालिका अन्तरगत रहेका विद्यालयहरुमा कार्यरत शिक्षक सम्झनु पर्छ।

(छ) "पदाधिकारी" भन्नाले सहिभूमि गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य तथा कार्यपालिका सदस्य सम्झनु पर्छ ।

(ज) "अध्यक्ष" भन्नाले सहिदभूमि गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(झ) "कार्यपालिका" भन्नाले सहिदभूमि गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ञ) "पुरस्कार" भन्नाले सहिदभूमि गाउँपालिकाले प्रदान गर्ने दफा ३ बमोजिमको पुरस्कार सम्झनु पर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले सहिदभूमि गाउँपालिकाको शिक्षा शाखालाई सम्झनु पर्छ ।

(ठ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई दर्ता भएका सरकारी, गैर सरकारी संस्था तथा नागरिक समाजलाई सम्झनुपर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सहिदभूमि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## पुरस्कारका प्रकारहरु

३. **पुरस्कार तथा सम्मानका प्रकार र मर्यादाक्रम:** (१) यस कार्यविधि बमोजिम प्रदान गरिने पुरस्कार तथा सम्मानको प्रकार देहाय बमोजिम हुनेछन् :-

(क) सहिदभूमि सम्मान

(ख) सहिदभूमि गौरव

(ग) सहिदभूमि राष्ट्रसेवक पुरस्कार

(घ) छिन्ताङदेवी सम्मान

(ङ) सहिदभूमि प्रतिभा पुरस्कार

(च) सहिदभूमि शिक्षा पदक

(छ) सहिदभूमि शिक्षा भूषण

(ज) खुवालुङ प्रतिभा पुरस्कार

(झ) बुढाहाङ सम्मान

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको पुरस्कारमा चार श्रेणी रहनेछन् । जसको मर्यादाक्रम देहाय बमोजिम हुनेछ :

(क) सहिदभूमि दीर्घ सेवा पदक

(ख) सहिदभूमि सर्वोत्कृष्ट राष्ट्रसेवक पुरस्कार

(ग) सहिदभूमि उत्कृष्ट राष्ट्रसेवक पुरस्कार
(घ) सहिदभूमि राष्ट्रसेवक पुरस्कार

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको पदकसहिदभूमि गाउँपालिकामा अविछिन्न रुपमा वा पटक पटक गरी बीस बर्ष वा सो भन्दा बढी सेवा गर्ने कर्मचारी तथा शिक्षकलाई निज सेवाबाट अवकाश हुँदा वा अन्यत्र सरुवा भएमा प्रदान गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको सेवा पुरस्कार मध्ये एक पटकमा "सहिदभूमि सर्वोत्कृष्ट सेवा पुरस्कार" बढीमा एक जनालाई, "सहिदभूमि उत्कृष्ट सेवा पुरस्कार" बढीमा एक जनालाई तथा "सहिदभूमि उत्कृष्ट सेवा पुरस्कार" बढीमा दुई जनासम्मलाई प्रदान गरिनेछ ।

(५) यस कार्यविधि बमोजिम प्रदान गरिने पुरस्कार प्रदान गर्दा अनुसूची – १ बमोजिमको सम्मान पत्रतथा पदक प्रदान गरिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदान गरिने सम्मान पत्रअनूसूची – २ बमोजिमको ढाँचामा हुनेछ ।

(७) उपदफा (५) बमोजिम प्रदान गरिने पदक अनूसूची – ३ बमोजिमको ढाँचामा हुनेछ ।

(८) दफा ३ को उपदफा (२) बमोजिमको पुरस्कार सिफारिस गर्दा दफा ८ बमोजिमको आधारहरुको अधिनमा रही अनुसूची – ४ बमोजिमको मूल्याङ्कन मापदण्डको आधारमा मूल्याङ्कन गरी कुल प्राप्ताङ्क सहित पुरस्कारका लागि सिफारिस गर्नुपर्नेछ ।

(९) उपदफा (१) को खण्ड (छ) बमोजिमको पुरस्कारमा क, ख, ग र घ गरी चार श्रेणी रहनेछन् ।उक्त श्रेणीहरुको मर्यादाक्रम देहायानुसार हुनेछः-

(क) "क" श्रेणी – विद्यावारिधी वा सो सरह
(ख) "ख" श्रेणी – स्नातकोत्तर वा सो सरह
(ग) "ग" श्रेणी – स्नातक वा सो सरह
(घ) "घ" श्रेणी – माध्यमिक तह तथा एस ई ई वा सो सरह

(१०) उपदफा (९) को खण्ड (क) बमोजिमको श्रेणीको पुरस्कारको हकमा पहिलो एक पटक हालसम्म गाउँपालिकामा स्थायी ठेगाना भएका व्यक्तिहरुले हालसम्म विद्यावारिधी उपाधी प्राप्त गर्ने सबैलाई पुरस्कार प्रदान गर्ने गरी सूचना प्रकाशन गरी प्राप्त निवेदनको सत्यपान गरी सबैलाई प्रदान गर्न सकिनेछ ।

(१०) उपदफा (९) को खण्ड (घ) बमोजिमको श्रेणीको पुरस्कारको हक प्राप्त गर्नका लागि समग्रमा न्यूनतम CGPA 2.41 तथा प्रत्येक विषयमा न्यूनतम GPA 2.0 हाँसिल गरेको हुनुपर्नेछ ।

(१२) उपदफा (१) को खण्ड (छ) बमोजिमको पुरस्कारमा कसैको सम्झनामा छुट्टै अक्षय कोष कार्यविधि बमोजिम स्मृति अक्षय कोष स्थापना गरी नगद पुरस्कार समेत प्रदान गर्न चाहेमा अक्षय कोषमा उल्लेखित तह र नगद पुरस्कार प्रदान गर्न बाधा परेको मानिने छैन ।

(१३) उपदफा (१) को खण्ड (ङ) बमोजिमको पुरस्कारमा जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय गरी चार श्रेणी रहनेछन् ।

(१४) दफा ३ बमोजिम प्रदान गरिएको पुरस्कार बिक्रि गरेमा निजको विवरण पुरस्कार प्रदान गरिएको व्यक्तिको सूचीबाट हटाई निजलाई भविष्यमा पुरस्कार पाउन अयोग्य भएको मानिनेछ ।

४. **<u>पुरस्कार तथा सम्मान प्रदान गर्न सक्ने</u>**: (१) गाउँपालिकाले स्थानीय राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, अन्वेषणात्मक, शैक्षिक, प्रशासनिक लगायतका अन्य क्षेत्रमा वा अन्तर्राष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई यस कार्यविधि बमोजिम पुरस्कार तथा सम्मान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्षेत्रमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त वा गाउँपालिकाको हितको लागि विशिष्ट योगदान पुयाउने नेपाली नागरिकलाई गाउँपालिकाले सम्मान स्वरुप पदक, पुरस्कार तथा सम्मान प्रदान गर्न सक्नेछ ।

(३) दफा ३ को उपदफा (१) बमोजिम प्रदान गरिने पदक, पुरस्कार तथा सम्मान सहिदभूमि गाउँपालिकाको स्थापना दिवसका दिन प्रदान गरिनेछ ।यस प्रयोजनका लागि हरेक बर्ष संविधान दिवस पछिको कार्यालय खुलेको पहिलो दिन ३५ दिनको समयसीमा राखी पुरस्कार तथा सम्मान सिफारिस गर्न तथा दरखास्त पेश गर्न सम्बन्धी सार्वजानिक सूचना प्रकाशन गरिनेछ ।

(४) उपदफा (१) बमोजिम पुरस्कार प्राप्त गर्न चाहने व्यक्ति तथा संस्थाले अनुसूची — ५ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(५) गाउँपालिकाले उपदफा (१) र (२) बमोजिम पदक, पुरस्कार तथा सम्मान प्रदान गर्दा पुरस्कार तथा सम्मान पाउने व्यक्तिको नाम र निजले प्राप्त गरेको पदक, पुरस्कार तथा सम्मानको विवरण तथा निजले पुर्याएको योगदान समेत खुलाई हरेक बर्ष सहिद दिवस (माघ १६ गते) को दिन पुरस्कारको घोषणा गरिनेछ र यस्तो सूचना स्थानीय राजपत्रमा समेत प्रकाशन गरिनेछ ।

(६) दफा ३ मा उल्लेखित बिधाहरु मध्ये कुनै बिधा वा सबै बिधामा संभावित उम्मेद्धार नभेटिएमा वा मापदण्ड भित्र नपरेमा वा कसैको निवेदन नपरेको अवस्थामा सम्बन्धित बिधाको पुरस्कार प्रदान गर्न बाध्यकारी भएको मानिने छैन।

(७) दफा ३ मा उल्लेखित बिधाहरु मध्ये कुनै विधामा मात्र वा सबै विधामा पुरस्कार प्रदान गर्न सकिनेछ ।

(८) दफा ३ मा उल्लेखित बिधाहरु मध्ये कुनै पुरस्कार मरणोपरान्त समेत प्रदान गर्न सकिनेछ ।

५. **पुरस्कार तथा सम्मान प्रदान गर्ने मापदण्डः** दफा ३ बमोजिम प्रदान गरिने पुरस्कार तथा सम्मान देहाय बमोजिमको मापदण्डमा आधारमा प्रदान गरिनेछ :-

(क) “सहिदभूमि सम्मान” सहिदभूमि गाउँपालिकाको सर्वोच्च सम्मान हुनेछ ।यो सम्मान गाउँपालिकामा स्थायी बसोबास भएको नेपाली नागरिक वा सहिदभूमिको विकास र समृद्धिमा बिशेष योगदान पुर्‍याउने नेपाली नागरिक वा विदेशी नागरिकले स्वदेश वा विदेशमा रही उल्लेखनीय, उदाहरणीय कार्य गर्ने एवम् पौरख, कौशलता प्रदर्शन गर्ने, गाउँपालिकाको गरिमा र गौरव बढाउने कार्य गर्ने तथा आ-आफ्नो विधा र क्षेत्रमा रही विशिष्ट योगदान पुर्याउनु हुने व्यक्तिहरु मध्येबाट एक पटकमा एक जनालाई मात्र प्रदान गर्न सकिनेछ ।

(ख) “सहिदभूमि गौरव” राष्ट्र तथा गाउँपालिकाको श्रीवृद्धि, गरिमा र गौरव बढाउने गरी लोक कल्याणकारी कार्य गर्ने वा गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक विकासमा उल्लेखनीय कार्य गर्ने महानुभाव, गाउँपालिकामा स्थायी बसोबास भई राज्यको विभिन्न भूमिकामा रही उल्लेखनिय कार्य गर्ने व्यक्ति तथा जनप्रतिनिधी, कर्मचारी, पूर्व जनप्रतिनिधि, पूर्व कर्मचारी वा अन्य महानुभावहरु मध्येबाट एक पटकमा बढीमा दुई जनासम्मलाई मात्र प्रदान गर्न सकिनेछ ।

(ग) “सहिदभूमि राष्ट्रसेवक पुरस्कार” गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरु मध्येबाट एक पटकमा पाँच जना सम्मलाई मात्र प्रदान गर्न सकिनेछ ।

(घ) “छिन्ताङदेवी सम्मान” गाउँपालिकाको आर्थिक, सामाजिक, सँस्कृति, शैक्षिक विकास तथा समृद्धि वा गाउँपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान र गौरव बृद्धिमा योगदान गर्ने संस्थाहरु मध्येबाट एक पटकमा दुई वटा संस्थासम्म लाई मात्र प्रदान गर्न सकिनेछ ।

(ङ) "सहिदभूमि प्रतिभा पुरस्कार" गाउँपालिकाको प्रतिनिधित्व गर्दै जिल्ला स्तर, प्रदेश स्तर, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा सहभागी भई गाउँपालिकाको गरिमा र गौरव बढाउन योगदान गर्ने खेलाडीहरु मध्येबाट एक पटकमा बढीमा दुई जनासम्मलाई प्रदान गर्न सकिनेछ ।

(च) "सहिदभूमि शिक्षा पदक" गाउँपालिकाको शैक्षिक उन्नयनमा महत्वपूर्ण योगदान गर्ने गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्येबाट एक पटकमा बढीमा दुई जनासम्मलाई प्रदान गर्न सकिनेछ ।

(छ) "सहिदभूमि शिक्षा भूषण" गाउँपालिकामा स्थायी ठेगाना भई जुनसुकै बिधामा अध्ययन गरी बिद्यावारिधी, स्नातकोत्तर, स्नातक तथा माध्यमिक तह उर्तीण गर्ने व्यक्तिहरुलाई प्रदान गरिनेछ । जसमध्ये एक बर्षमा बिद्यावारिधी उपाधी प्राप्त गर्ने सबै जना, स्नातकोत्तर तथा स्नातक तहको हकमा गाउँपालिकाको सूचना बमोजिम प्राप्त निवेदन मध्ये सो बर्ष सर्वोत्कृष्ठ अङ्क प्राप्त गर्ने एक जनालाई तथा माध्यमिक तहको हकमा गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरु तर्फबाट एसईई (कक्षा १०) तथा एस एल सी (कक्षा १२) को परीक्षामा सहभागि भई सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्र तथा छात्र मध्येबाट बढी २/२ जनाका दरले ४ जना बिद्यार्थीहरुलाई प्रदान गरिनेछ । तर समान अङ्क प्राप्त गरेका कारणले उक्त संख्या बृद्धि हुन गएमा चार जना भन्दा बढी विद्यार्थीहरुलाई यस पुरस्कार प्रदान बाधा परेको मानिने छैन । सहिदभूमि गाउँपालिकामा स्थायी ठेगाना भई अन्यत्रबाट एस ईई वा सो भन्दा माथिको कुनै परीक्षामा सहभागी भई जिल्ला प्रथम भएमा वा प्रदेश तथा नेपालमा कुनै महत्वपूर्ण स्थान हाँसिल गरेमा यस बिधाको सम्बन्धित श्रेणीबाट पुरस्कार प्रदान गर्न सकिनेछ ।

(ज) "खुवालुङ प्रतिभा पुरस्कार" गाउँपालिकामा स्थायी ठेगाना भई स्थानीय भाषा, कला, संस्कृति, साहित्य, लिपि, गीत, संगीत, धरोहर आदिको संरक्षण, सम्वर्द्धन, बिकास तथा प्रचार प्रसारमा उल्लेखनीय योगदान पुर्याउनु हुने व्यक्तिहरु मध्येबाट एक बर्षमा बढीमा एक जनालाई यस बिधाबाट पुरस्कार प्रदान गर्न सकिनेछ ।

तर सामूहिक रुपमा स्थानीय भाषा, कला, संस्कृति, साहित्य, लिपि, गीत, संगीत, धरोहर आदिको संरक्षण, सम्वर्द्धन, बिकास तथा प्रचार प्रसारमा उल्लेखनीय योगदान पुऱ्याउने समूहलाई पुस्कार प्रदान गर्न बाधा परेको मानिने छैन ।

(ञ) "बुढाहाङ सम्मान" दफा ३ को उपदफा (१) को कुनै बिधाले समेट्न नसकेको तथा सहिदभूमिको विकास र समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने वा गाउँपालिकाको प्रतिनिधित्व गर्दै गाउँपालिकाको प्रसिद्धि बढाउन उल्लेखनीय कार्य गर्ने व्यक्ति तथा संस्थाहरु वा गाउँपालिकामा कृषि तथा पशुपालन व्यवसाय वा अन्य कुनै प्रकारका उद्यमशिल व्यवसाय स्थापना तथा सञ्चालन गरी प्रसिद्धि तथा ख्याती कमाएका वा नमूनायोग्य वा उल्लेखनीय कार्य गर्ने कृषि फर्म वा कृषक वा उद्यमीहरु वा गाउँपालिकाले आवश्यक ठानेका अन्य महानुभावहरु वा संस्थाहरु मध्येबाट एक पटकमा बढीमा एक जना वा एक संस्था सम्मलाई प्रदान गर्न सकिनेछ ।

## परिच्छेद — ३

## पुरस्कार तथा सम्मान वितरणका क्षेत्र, विधा र दायरा

६. **पुरस्कार तथा सम्मान वितरणका क्षेत्रहरु** : (१) गाउँपालिकामा स्थायी भएको नेपाली नागरिक वा नेपाली नागरिक वा विदेशी नागरिकले स्वदेश वा विदेशमा रही उल्लेखनीय, उदाहरणीय कार्य गर्ने एवम् पौरख, कौशलता प्रदर्शन गर्ने, गाउँपालिकाको गरिमा र गौरव बढाउने कार्य गर्ने तथा आ-आफ्नो विधा र क्षेत्रमा रही विशिष्ट योगदान पुर्याउनु हुने व्यक्तिहरुलाई पुरस्कार प्रदान गर्न सिफारिस गर्न सकिनेछ। यसरी सिफारिस गरिने क्षेत्र, विधा र दायरा देहाय बमोजिम हुनेछन्:

**(क) राजनीतिक क्षेत्र :**

यस क्षेत्र भित्र गाउँपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रसिद्धि, ख्याती, पहिचान प्रवर्द्धन गर्न तथा गाउँपालिकाको समग्र उत्थान, विकास एवम् समृद्धिका लागि राजनीतिक योगदान पु-याउनु हुने विशिष्ट व्यक्तिहरुलाई पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ ।

(ख) **सामाजिक सेवा क्षेत्र**:

समाजका विभिन्न क्षेत्रहरुमा रही सामाजिक रुपान्तरण, न्याय तथा समाज उत्थानमा समाजसेवा तथा गैरसरकारी क्षेत्रमा रही स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विशिष्ट योगदान पुर्‍याउने संस्था तथा गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिकहरु वा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा रही गाउँपालिकाको सामाजिक साँस्कृतिक रुपान्तरण, न्याय तथा समाज उत्थान

विशिष्ट योगदान पुर्याउनु हुने व्यक्ति तथा संस्थालाई यस क्षेत्र अन्तर्गत पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ ।

**(ग) आर्थिक क्षेत्रः**

अर्थतन्त्रलाई बलियो एवम् सुदृढीकरणका लागि विभिन्न आयामहरुः कृषि, उद्योग, पर्यटन, पूर्वाधार, सेवा, सहकारी, वित्तीय क्षेत्र एवम् पुँजी बजार, सूचना प्रविधि, निजी क्षेत्र लगायतका क्षेत्रहरुमा रही स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विशिष्ट योगदान पुऱ्याउने संस्था तथा गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिकहरुलाई यस क्षेत्रभित्र समेट्ने गरी पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ।

**(घ) शान्ति, सुरक्षा र सार्वजनिक प्रशासन क्षेत्रः**

नेपाल र नेपालीको सार्वभौमिकताको रक्षा, वैयक्तिक स्वतन्त्रताको सुरक्षा, सार्वजनिक सम्पत्तिको सुरक्षा एवम् जगेर्ना, शान्ति, स्थिरता, सुशासन र सार्वजनिक प्रशासन तथा न्यायिक क्षेत्रमा विशिष्ट योगदान गर्ने गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिकहरुलाई यस क्षेत्र अन्तर्गत पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ।

**(ङ) शिक्षा, ज्ञान-विज्ञान, प्रविधि तथा अन्वेषण एवम् अनुसन्धान क्षेत्रः**

शिक्षा, ज्ञान-विज्ञान, प्रविधि तथा अन्वेषण एवम् अनुसन्धान क्षेत्रमा कार्यरत रही स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नेपाल र नेपाली नागरिकको सेवा एवम् उक्त क्षेत्रको विशिष्टीकरण एवम् उत्थानमा विशिष्ट योगदान पुर्‍याउने व्यक्ति तथा संस्थालाई यस विधाबाट पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ ।

**(च) स्वास्थ्य एवम् चिकित्सा विज्ञान क्षेत्रः**

समग्र नागरिकको स्वास्थ्य, प्रजनन् स्वास्थ्य, नागरिकको मानसिक स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्य, अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य एवम् चिकित्सा विज्ञान

लगायत यस क्षेत्रभित्र रही स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विशिष्ट योगदान पु-याउनु हुने गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिकहरुलाई यस विधाबाट पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ।

**(छ) सूचना प्रविधि तथा सञ्चार क्षेत्रः**

यस क्षेत्र भित्र रही विशिष्ट योगदान पुर्याउनु हुने गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिक तथा संस्थालाई यस विधाबाट पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ।

**(ज) भाषा, साहित्य, कला र संस्कृति क्षेत्रः**

गाउँपालिका क्षेत्रमा बोलिने भाषा, स्थानीय लिपि, साहित्य, मूर्त तथा अमूर्त सम्पदा/कला एवम् संस्कृति क्षेत्रको संरक्षण र सम्बर्द्धनमा विशिष्ट योगदान पु-याउने व्यक्ति तथा संस्थालाई यस विधाबाट पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ ।

**(झ) खेलकुद क्षेत्रः**

खेलकुद क्षेत्रमा रही विशिष्ट योगदान पु-याई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्रतियोगितमा गाउँपालिकाको प्रतिनिधित्व गरी गाउँपालिका, नेपाल र नेपालीको गरिमा बढाउने कार्य गर्ने गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिकहरुलाई यस विधाबाट पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ ।

**(ञ) वातावरण क्षेत्रः**

प्राकृतिक स्रोत-साधन संरक्षण, वातावरण, जैविक विविधता तथा जलवायु परिवर्तन न्याय क्षेत्रमा विशिष्ट योगदान पुर्याई गाउँपालिका, नेपाल र नेपालीको गरिमा बढाउने कार्य गर्ने गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिकहरुलाई यस विधाबाट पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ ।

**(ट) राष्ट्रिय जीवनका अन्य महत्वपूर्ण क्षेत्रः**

गाउँपालिका तथा नेपालको पहिचान, प्रतिष्ठा, गरिमा, एकता उच्च पार्ने, नेपाल र नेपाली समाजलाई आफ्नो इमान्दारिता, निष्ठा, क्षमता र विवेक प्रयोग गरी योगदान

पुर्याउँदै आ-आफ्नो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरुलाई यस विधाबाट पुरस्कार तथा सम्मान सिफारिस गर्न सकिनेछ ।

७. **<u>पुरस्कार तथा सम्मान सिफारिसका आधारहरु</u>** : (१) पुरस्कार तथा सम्मान सिफारिस गर्दा सिफारिस समितिले देहाय बमोजिमको योगदान तथा मानक समेतका आधारमा सिफारिस गर्नेछः

क. सम्बन्धित व्यक्तिले गरेको उल्लेखनीय कार्य एवम् योगदान स्पष्ट रुपमा खुलाईएको,

ख. सम्बन्धित व्यक्तिले गरेको कार्य एवम् योगदानबाट सार्वजनिक रुपमा प्रभाव स्थापित भएको,

ग. राष्ट्रसेवक पुरस्कारको हकमा दफा — ८ बमोजिमको आधार पूरा भएको,

घ. यस पूर्व पुरस्कार पाएको भए सो मितिले कम्तिमा ३ (तीन) वर्ष व्यतित भएपछि मात्र अर्को पुरस्कारका लागि सिफारिस गरिनेछ,

तर सार्वजनिक हित,लोककल्याण,राष्ट्र तथा गाउँपालिकाको गरिमा एवम् गौरव बढाउने गरी उल्लेखनीय कार्य गर्नेको हकमा यो अवधि लागू हुने छैन ।

ङ. पुरस्कार सिफारिस गर्दा उच्च चरित्र, निष्ठा, कार्यदक्षता तथा जेष्ठतालाई प्रमुख आधार मानिनेछ,

च. गाउँपालिकाको केन्द्रबाट भौगोलिक रुपमा टाढा रहेको क्षेत्रमा कार्य गर्ने तथा कठिन परिस्थितिमा रही कार्य गरेका राष्ट्रसेवक कर्मचारीहरुलाई पुरस्कार सिफारिस गर्दा विशेष प्राथमिकता दिई सिफारिस गर्न सकिनेछ,

छ. १ वर्ष भन्दा बढी असाधारण बिदा, अध्ययन विदा लिई अध्ययनमा गएको राष्ट्रसेवक कर्मचारीलाई अध्ययनबाट फिर्ता भई हाजिर भई काम गरेको १ वर्षपछि मात्र पुरस्कारको लागि सिफारिस गर्न सकिनेछ,

ज. राष्ट्रसेवक कर्मचारीहरुलाई सिफारिस गर्दा सम्बन्धित कार्यालयको पदाधिकारी वा कार्यालय प्रमुखबाट प्राप्त भएको सिफारिस एवम् राय समेतलाई आधार मानिनेछ,

झ. सर्वसाधारण तथा समाजसेवीहरुको हकमा निजहरुको चरित्र र चालचलन समेत बुझ्न सकिनेछ,

ञ. पुरस्कार सिफारिस समितिले राष्ट्र तथा गाउँपालिकाको श्रीवृद्धी, गरिमा र गौरव बढाउने गरी लोक कल्याणमा समेत उल्लेखनीय कार्य गर्ने व्यक्तिहरुलाई पुरस्कार सिफारिस गर्न सक्नेछ।

(२) देहायको व्यक्तिहरुलाई पुरस्कारका लागि सिफारिस गरिने छैनः

क. निलम्बनमा परेको वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको,

ख. भ्रष्टाचार, जवर्जस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागूऔषध विक्री वितरण तथा निकासी पैठारी, सम्पत्ती शुद्धिकरण तथा राहदानी दुरूपयोग सम्बन्धी कसुरमा अदालतको अन्तिम फैसलाबाट सजाय ठहर भएको,

ग. सहकारी,बैंक तथा वित्तिय संस्थाको ऋण नियतवस नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

घ. प्रचलित नेपाल कानूनद्वारा अयोग्य हुन सक्ने आधारहरु समेत आकर्षित हुने,

ङ. सामाजिक तथा सार्वजनिक जीवनमा आलोचित भएको,

च. यी उपर्युक्त खण्ड (क) देखि (ङ) सम्मका कसुरमा संलग्न भएको प्रमाण फेला परेको अवस्थामा घोषणा भई पुरस्कार पाउन बाँकी भए सो समेत रद्द गर्न सकिनेछ ।

(३) पुरस्कार तथा सम्मान प्राप्त गर्ने व्यक्ति सहिदभूमि गाउँपालिकाको पुरस्कार तथा सम्मान वितरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ७ को उपदफा (२) बमोजिम दोषी ठहरिएमा पुरस्कार सिफारिस गर्ने व्यक्ति/अधिकारी वा समिति जवाफदेही हुनेछ ।

८. **पुरस्कार तथा सम्मान सिफारिसका आधार** : ( १ ) समितिले देहायको पुरस्कारको लागि सिफारिस गर्दा ज्येष्ठता, भौगोलिक अनुभव, कार्यकुशलता, व्यावसायिकता, नेतृत्वशैली, दक्षता, सृजनशीलता र लगनशीलताका अतिरिक्त देहाय बमोजिमका आधार लिनुपर्नेछः-

(क) **सहिदभूमि दीर्घ सेवा पदकका लागि :-**

१. सहिदभूमि गाउँपालिकामा अविछिन्न रुपमा वा पटक पटक गरी बीस बर्ष वा सो भन्दा बढी सेवा गरेको कर्मचारी वा शिक्षक

(ख) **सहिदभूमि सर्वोत्कृष्ट राष्ट्रसेवक पुरस्कारका लागिः-**

१. स्थानीय सेवाको पद वा स्थानीय तहमा दुई वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको,

२. पछिल्लो तीन वर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

३. कार्यसम्पादन मूल्याङ्कनमा १०० प्रतिशत अङ्क प्राप्त गरेको,

४. सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

५. निजको नाममा व्यक्तिगत बेरुजु नदेखिएको,

६. पुरस्कारका लागि सिफारिस हुने वर्ष तथा अघिल्लो पूरा वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको ।

(ग) **सहिदभूमि उत्कृष्ट राष्ट्रसेवक पुरस्कारका लागिः-**

१. स्थानीय सेवाको पद वा स्थानीय तहमा एक वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको,

२. कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा ९५ प्रतिशत अङ्क प्राप्त गरेको,

३. पछिल्लो दुई बर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

४. सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

५. निजको नाममा व्यक्तिगत बेरुजु नरहेको,

६. पुरस्कारका लागि सिफारिस हुने वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको ।

(घ) **सहिदभूमि राष्ट्रसेवक पुरस्कारका लागिः-**

१. स्थानीय सेवाको पदमा एक वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको,

२. कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा ९० प्रतिशत अङ्क प्राप्त गरेको,

३. पछिल्लो एक बर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

४. सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

५. निजको नाममा व्यक्तिगत बेरुजु नरहेको,

६. पुरस्कारका लागि सिफारिस हुने वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको ।

(२) राष्ट्रसेवक कर्मचारी तर्फको पुरस्कार वितरणको लागि सिफारिस गर्दा देहायको आधारलाई समेत अङ्गिकार गर्नुपर्नेछ:

(क) वडा कार्यालयहरु तर्फबाट कम्तिमा एक जना

(ख) स्वास्थ्य संस्थाहरु तर्फबाट कम्तिमा एक जना

(ग) अधिकृत स्तरका कर्मचारीबाट कम्तिमा एक जना

(घ) सहायक स्तरका कर्मचारीबाट कम्तिमा एक जना

(ङ) प्राविधिक सेवा तर्फका कर्मचारीबाट कम्तिमा एक जना

(च) श्रेणी विहिन कर्मचारीहरु मध्येबाट कम्तिमा एक जना

तर दफा ८ को उपदफा (२) बमोजिम सिफारिस गर्दा सबै समूहबाट अनिवार्य रुपमा एक जना कर्मचारी सिफारिस गर्न बाध्यकारी हुने छैन ।

(३) दफा ८ को उपदफा (२) को सिफारिसको आधारको अधिनमा रही दफा ३ को उपदफा (४) बमोजिम अधिकतम चार जना सम्मलाई मात्र प्रदान गरिनेछ ।

## परिच्छेद — ४
## पुरस्कार तथा सम्मान प्रदान गर्ने प्रक्रिया

९. **पुरस्कार तथा सम्मान सिफारिस गर्ने प्रक्रिया:** (१) देहायका पदाधिकारी, कर्मचारी, शिक्षक वा कुनै महानुभावले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी गाउँपालिकालाई योगदान पुयाएको भएमा त्यस्ता पदाधिकारी, कर्मचारी, शिक्षक वा महानुभावले पुर्याएको योगदानको विवरण सहित अनूसूची — ६ बमोजिमको ढाँचामा खुलाई पुरस्कार प्रदान गर्न देहायका निकाय वा पदाधिकारीले निर्दिष्ट समयभित्र सिफारिस समितिमा पठाउनु पर्नेछ :-

(क) जनप्रतिनिधिको हकमा अध्यक्षले,

(ख) वडा कार्यालयका कर्मचारीको हकमा वडा अध्यक्षले,

(ग)गाउँपालिकामा रहेका बिषयगत शाखा अन्तर्गत कार्यरत कर्मचारीको हकमा सम्बन्धित शाखा प्रमुखले,

(घ) बिषयगत शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतले,

(ङ)विद्यालयका शिक्षकको हकमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले,

(च) उत्कृष्ट विद्यार्थीको हकमा शिक्षा शाखा प्रमुखले,

(छ) अन्यत्र कतै उल्लेख नभएका तथा दफा ११ बमोजिमको सिफारिस समितिलाई उपयुक्त लागेका पदाधिकारी, कर्मचारी तथा व्यक्तिहरुको हकमा सिफारिस समितिले,

(२) उपदफा (१) बमोजिम सिफारिस भई नआएको तर पुरस्कार प्रदान गर्न उपयुक्त लागेका पदाधिकारी, कर्मचारी, शिक्षक वा अन्य महानुभावहरु तथा संस्था स्वयंमले अनुसूची — ५ बमोजिम निवेदन पेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिबाट सिफारिस भई नआएको तर कार्यपालिकालाई उपयुक्त लागेका व्यक्ति तथा संस्थालाई यस कार्यविधिको अधिनमा रही पुरस्कार तथा सम्मान प्रदान गर्न बाधा परेको मानिने छैन ।

१०. **<u>पुरस्कार तथा सम्मान प्रदान गर्ने आधारहरु</u>:** समिति समक्ष विभूषणको लागि सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-

(क) गाउँपालिकाको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुर्याएको,

(ख) आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरी राष्ट्र तथा गाउँपालिकालाई योगदान पुर्याएको,

(ग)सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफूलाई तोकिएको काम प्रशंसनीय रुपमा सम्पादन गरेको,

(घ) संघ संस्था भए राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गाउँपालिकाको समुन्नति तथा ख्याती बढाउने कार्यमा विशेष योगदान पुयाएको,

(ङ)कुनै साहसी वा बुद्धिमत्तापूर्ण काम गरी सार्वजनिक हितको लागि विशेष योगदान पुर्याएको,

११. **सिफारिस समिति**: (१) यस ऐन बमोजिम प्रदान गरिने पुरस्कार तथा सम्मानका सम्बन्धमा कार्यपालिकामा सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) | अध्यक्षले तोकेको अधिकृत सतरको कर्मचारी मध्यबाट एक जना कर्मचारी | सदस्य |
| (ग) | प्रशासन तथा योजना शाखा प्रमुख | सदस्य सचिव |

(२) सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ: -

(क) गाउँपालिकाले प्रदान गर्ने पुरस्कार तथा सम्मानका लागि वडा कार्यालय, विद्यालय तथा पदाधिकारीहरुबाट सिफारिस भई आएका नामावली उपर छानविन गर्ने,

(ख) सिफारिस भई आएका महानुभावहरुले पुर्याउनु भएको विशिष्ट योगदान तथा भूमिकाको मूल्याङ्कन गर्ने,

(ग) सिफारिस भई आएका महानुभावहरु बाहेक अन्य महानुभावहरुलाई पुरस्कार तथा सम्मान प्रदान गर्न उचित लागेमा त्यस्ता व्यक्तिहरुको पहिचान गरी कार्यपालिकामा सिफारिस गर्ने,

(घ) गाउँपालिकाले प्रदान गर्ने पुरस्कार तथा सम्मान प्रदान गर्नका लागि कार्यपालिकामा सिफारिस गर्ने,

(ङ) सहिदभूमि गाउँपालिकाको पुरस्कार सिफारिस कार्यविधि तथा सम्मान सम्बन्धी मापदण्ड, २०८१ मा गर्नुपर्ने समसामयिक सुधार तथा परिमार्जनका लागि कार्यपालिकामा प्रस्ताव पेश गर्ने।

(२) उपदफा (१) बमोजिमको समितिले पुरस्कार तथा सम्मान प्रदान गर्नका लागि कार्यपालिकामा सिफारिस गर्दा त्यस्ता पदाधिकारी, कर्मचारी, शिक्षक वा अन्य महानुभावले पुर्याएको भूमिका तथा योगदानको विवरण समेत संलग्न राखी अनुसूची – ७ को ढाँचामा कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस समितिबाट सिफारिस भई नआएको तर पुरस्कार प्रदान गर्न उपयुक्त लागेका पदाधिकारी, कर्मचारी, शिक्षक वा अन्य महानुभावहरुलाई कार्यपालिकाले पुरस्कारका प्रदान गर्नका लागि बाधा परेको मानिने छैन ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको समय र स्थानमा बस्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **अभिलेख तथा अन्य** : (१) गाउँपालिकाबाट पुरस्कार प्रदान गरिएका व्यक्ति तथा संस्थाहरुको अभिलेख प्रशासन तथा योजना शाखाले अनुसूची – ८ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नुपर्नेछ ।

(२) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा उदाहरणीय/ विशिष्ट योगदान पुऱ्याउने गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिक तथा नेपाल तथा गाउँपालिकाको श्रीवृद्धि, गरिमा, प्रतिष्ठा र पहिचान बढाउने राष्ट्रिय वा अन्तराष्ट्रिय व्यक्ति तथा संस्थाहरुको विवरण प्रशासन तथा योजना शाखाले अनुसूची – ९ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नेछ ।

## परिच्छेद - ५
## विविध

१३. **कार्यविधिको संशोधनः** यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ ।

१४. **आवश्यक व्यवस्था गर्न सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी वाधा अड्काउ फुकाउन सक्नेछ।

१५. **खारेजी र बचाउ** : (१) सहिदभूमि गाउँपालिकाको उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ ।

(२) सहिदभूमि गाउँपालिकाको उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने सम्बन्धी कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूचीः-१

(दफा ३ को उदफा (५) सँग सम्बन्धित)

| क्र.सं. | पुरस्कार तथा सम्मानको नाम | सम्मान पत्र | पदक |
|---|---|---|---|
| १. | सहिदभूमि सम्मान | आँखी झ्याल सहितको सम्मान पत्र | आठ तोलाको चाँदीमा सुनको जलप सहितको पदक |
| २. | सहिदभूमि गौरव | आँखी झ्याल सहितको सम्मान पत्र | सात तोलाको चाँदीमा सुनको जलप सहितको पदक |
| ३. | | | |
| ३.१ | सहिदभूमि दीर्घ सेवा पदक | आँखी झ्याल सहितको सम्मान पत्र | सात तोलाको चाँदीमा सुनको जलप सहितको पदक |
| ३.२ | सहिदभूमि सर्वोत्कृष्ट राष्ट्रसेवक पुरस्कार | आँखी झ्याल सहितको सम्मान पत्र | तीन तोलाको चाँदीमा सुनको जलप सहितको पदक |
| ३.३ | सहिदभूमि उत्कृष्ट राष्ट्रसेवक पुरस्कार | आँखी झ्याल सहितको सम्मान पत्र | तीन तोलाको चाँदीको पदक |
| ३.४ | सहिदभूमि राष्ट्रसेवक पुरस्कार | आँखी झ्याल सहितको सम्मान पत्र | दुई तोलाको चाँदीको पदक |
| ४. | छिन्ताङदेवी सम्मान | आँखी झ्याल सहितको सम्मान पत्र | तीन तोलाको चाँदीको पदक |
| ५. | सहिदभूमि प्रतिभा पुरस्कार | | |
| ५.१ | | व्यक्तिगत तर्फ | सामूहिक तर्फ (प्रति व्यक्ति) |
| ५.१.१ | जिल्ला स्तरीय प्रतियोगितामा स्वर्ण पदक | कदर पत्र तथा नगद रु ५,०००।- | कदर पत्र तथा नगद रु ३,०००।- |
| ५.१.२ | जिल्ला स्तरीय प्रतियोगितामा रजत पदक | कदर पत्र तथा नगद रु ३,०००।- | कदर पत्र तथा नगद रु २,०००।- |
| ५.१.३ | जिल्ला स्तरीय प्रतियोगितामा कास्य पदक | कदर पत्र तथा नगद रु २,०००।- | कदर पत्र तथा नगद रु १,०००।- |
| ५.२ | | व्यक्तिगत तर्फ | सामूहिक तर्फ (प्रति व्यक्ति) |
| ५.२.१ | प्रदेश स्तरीय प्रतियोगितामा स्वर्ण पदक | कदर पत्र तथा नगद रु १०,०००।- | कदर पत्र तथा नगद रु ५,०००।- |

| | | | |
|---|---|---|---|
| ५.२.२ | प्रदेश स्तरीय प्रतियोगितामा रजत पदक | कदर पत्र तथा नगद रु ७,०००।- | कदर पत्र तथा नगद रु ३,०००।- |
| ५.२.३ | प्रदेश स्तरीय प्रतियोगितामा कास्य पदक | कदर पत्र तथा नगद रु ५,०००।- | कदर पत्र तथा नगद रु २,०००।- |
| ५.३ | | | |
| ५.३.१ | राष्ट्रिय स्तरीय प्रतियोगितामा स्वर्ण पदक | आँखी झ्याल सहितको सम्मान पत्र | चार तोलाको चाँदीको पदकमा सुनको जलप |
| ५.३.१ | राष्ट्रिय स्तरीय प्रतियोगितामा रजत पदक | आँखी झ्याल सहितको सम्मान पत्र | तीन तोलाको चाँदीको पदकमा सुनको जलप |
| ५.३.२ | राष्ट्रिय स्तरीय प्रतियोगितामा कास्य पदक | आँखी झ्याल सहितको सम्मान पत्र | तीन तोलाको चाँदीको पदक |
| ५.४ | अन्तराष्ट्रिय स्तरका प्रतियोगिता | | |
| ५.४.१ | अन्तराष्ट्रिय स्तरीय प्रतियोगितामा स्वर्ण पदक | आँखी झ्याल सहितको सम्मान पत्र | सात तोलाको चाँदीको पदकमा सुनको जलप |
| ५.४.२ | अन्तराष्ट्रिय स्तरीय प्रतियोगितामा रजत पदक | आँखी झ्याल सहितको सम्मान पत्र | पाँच तोलाको चाँदीको पदकमा सुनको जलप |
| ५.४.३ | अन्तराष्ट्रिय स्तरीय प्रतियोगितामा कास्य पदक | आँखी झ्याल सहितको सम्मान पत्र | तीन तोलाको चाँदीको पदकमा सुनको जलप |
| ६. | सहिदभूमि शिक्षा पदक | आँखी झ्याल सहितको सम्मान पत्र | तीन तोलाको चाँदीको पदक |
| ७. | | | |
| ७.१ | "क" श्रेणी | आँखी झ्याल सहितको कदर पत्र | सात तोलाको चाँदीको पदकमा सुनको जलप |
